# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।१६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

कारागार कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा कार्यरत कारागार प्रशासक (शाखा अधिकृत) विनोद कुमार दत्त कर्णले सेवाग्राहीलाई काम गरे वापत पाउने सेवा सुविधा दिन सहजीकरण गरिदिने भनी घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज विनोद कुमार दत्त कर्णलाई सेवाग्राहीबाट रु.१,५०,०००।-(एक लाख पचास हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा कारागार कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) का कारागार प्रशासक (शाखा अधिकृत) विनोद कुमार दत्त कर्णले कारागार कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा नकबजनी चोरी मुद्दामा कैद भुक्तान गरिरहेका चौकिदार/सेवाग्राहीसँग निजलाई चौकिदारबाट हटाउने र अरु कुनै सुबिधाहरु नदिने तथा कैदकट्टा/माफी मिनाहाको लागि सिफारिस/सहजीकरण गर्दा गराउँदा असहयोग गर्ने लगायतको विषय देखाई दान, दातव्य, उपहार स्वरुप रु.५,०००।— मूल्य पर्ने जुत्ता र रु.१,२६,४००।-पर्ने LED टेलिभिजन लिई जम्मा रु.१,३१,४००।—(एक लाख एकतीस हजार चार सय रुपैयाँ) लाभ स्वीकार गरी प्रयोग गरेको र घुस/रिसवत वापत रु.१,५०,०००।—(एक लाख पचास हजार रुपैयाँ) सेवाग्राहीबाट लिएको पुष्टि भएको हुँदा निज विनोद कुमार दत्त कर्णलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन, साथै निजले दान, दातव्य, उपहार स्वरुप जम्मा रु.१,३१,४००।—(एक लाख एकतीस हजार चार सय रुपैयाँ) लाभ स्वीकार गरी प्रयोगसमेत गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,३१,४००।—(एक लाख एकतीस हजार चार सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिम कैद गरी बिगो जफत हुनसमेतको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता<br>
नरहरि घिमिरे